# आवश्यकता

Centre for Mental Health & Counselling-Nepal

प्रथम पटक प्रकाशन मिति: २०७६/१०/०६

मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र,नेपाल - सी.एम.सी.(नेपाल), मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोगको क्षेत्रमा काम गर्ने राष्ट्रिय स्तरको एक गैरसरकारी संस्था हो । फेल्म-फिनल्याण्डको आर्थिक सहयोगमा गोरखा जिल्लामा सञ्चालन भैरहेको विद्यालय मानसिक स्वास्थ्य कार्यक्रमको लागि तल उल्लेख गरे अनुसारको पदको पदपुर्तिका लागि योग्यता पुगेका निवेदकहरुबाट निवेदन आह्वान गर्दछौं ।

१. **पद:** विद्यालय मानसिक स्वास्थ्य सुपरिवेक्षक (एक जना, सिरानचोक गाउँपालिका, गोरखा जिल्लाको लागि)

***कामको मूख्य जिम्मेवारी:***

- कक्षाकोठामा आधारित प्रवर्धनात्मक मनोसामाजिक पद्दति र विद्यालय मनोपरामर्श सम्वन्धमा तालिम, सुपरभिजन, कोचिङ्गको माध्यमबाट शिक्षकहरुको क्षमता अभिबृद्धि गर्ने ।
- प्रवर्धनात्मक क्रियाकलाप अर्न्तगत किशोरी स्वास्थ्य सचेतना, अभिभावक शिक्षा, बाल क्लवको क्षमता अभिबृद्धि, एस.एम.सी/पी.टि.ए. सँग अर्न्तक्रिया लगायतका गतिविधिहरु सञ्चालन गर्ने ।
- विद्यालय मनोपरामर्श ईकाई स्थापना गर्न, सेवाको दस्तावेजीकरण लगायत विद्यालय मनोपरामर्शका गतिविधिहरुलाई व्यवस्थित गर्न तालिम प्राप्त शिक्षक र विद्यालयहरुलाई प्राविधिक सहयोग उपलब्ध गराउने ।
- विद्यालय मानसिक स्वास्थ्य कार्यक्रम अर्न्तगत सञ्चालन हुने गतिविधिको प्रतिवेदन, त्रैमासिक, अर्धबार्षिक र बार्षिक प्रतिवेदन तयार गर्ने ।
-कार्यक्रमको अर्धवार्षिक र वार्षिक समिक्षाको प्रवन्ध गर्नको लागि स्थानीय सरकारलाई सहयोग गर्ने ।
- छनौटमा परेका विद्यालयहरुमा विद्यालय मानसिक स्वास्थ्य कार्यकम दिगो रुपमा संचालनका लागि स्थानीय सरकार तथा सम्वन्धित विद्यालयहरुसगँ नियमित समन्वयमा काम गर्ने ।
- रेफरल स्वास्थ्य निकायका तालिम प्राप्त स्वास्थ्यकर्मीहलाई मनोपरामर्श सेवामा क्षमता अभिबृद्धि गर्दै विद्यालयबाट रेफर भएका विद्यार्थीहरुलाई मनोपरामर्श सेवा प्रदान गर्ने ।
- कार्यक्रमको प्रभावशाली कार्यान्वयन, विस्तार र सरकारको नियमित कार्यक्रममा एकीकृत गरेर लैजानको लागि प्रदेश सरकार र स्थानीय सरकार लगायत अन्य सरोकारवाला संघसस्थाहरु सँग नियमित समन्वय र सहकार्य गर्ने ।

**योग्यता :**

- मनोविज्ञान वा सामाजिक विज्ञान विषयमा स्नाकोत्तर तह वा स्वास्थ्य विषय लिई शिक्षा संकायमा स्नाकोत्तर तह (M.Ed. in Education) उत्तीर्ण गरेको ।
- कम्तीमा ३ वर्ष सरकारी विद्यालय अर्न्तगत माध्यमिक तहमा अध्यापन गराएको अनुभव भएको वा गैर सरकारी लगायत अन्य संघसस्थामा रही शिक्षक, बालबालिका, अभिभावकहरुसँग काम गरेको कम्तीमा पनि ३ वर्षको अनुभव भएको ।
- तालीम सहजीकरण, तालिम प्राप्त शिक्षकहरुको सुपरिवेक्षण शीप, प्रभावकारी सञ्चारको सीप, बालबालिकाहरु, शिक्षक तथा अभिाभवक एवं समुदायमा काम गर्ने शीप भएको साथै सी.एम.सी. नेपालद्धारा तयार पारिएको तालिम सामग्री, सुपरभिजन निर्देशिका लगायत अन्य जनचेतनामूलक सामग्रीलाई प्रयोग गर्न सक्ने क्षमता भएको ।
- हाल सम्म कम्तिमा २० जना भावनात्मक तथा व्यवहारिक समस्या भएका बालबालिकालाई एक्लै वा विद्यालय मनोपरामर्शमा तालिम प्राप्त शिक्षकसँग बसी मनोपरामर्श सेवा प्रदान गरेको ।
- प्रतिवेदन लेखन, तथ्याकं/जानकारी संकलन र अभिलेखीकरण सम्वन्धि सीप भएको ।
- प्रदेश सरकार, स्थानीय सरकार र अन्य सरोकारवालासँग कार्यक्रमको प्रभावकारिता र दिगो व्यवस्थापनको लागि संयोजन गर्न सक्ने र पैरवी सम्वन्धी आवश्यक सीप भएको ।
- कम्प्युटर सम्वन्धी जस्तै Microsoft Word, PowerPoint and Excel को सीप भएको ।
- बालबालिका लगायत जोखिममा परेका अन्य ब्यक्तिहरुको सुरक्षाका लागि आफै वा अन्य व्यक्ति/संघसस्थाहरुसँग समन्वय गरेर काम गर्न सक्ने ।

**सुविधाहरु :** सी.एम.सी. नेपाल र सम्वन्धित दातृ निकायसँग भएको सम्झौता अनुसार ।
करारनामा एक वर्षको लागि हुनेछ र कामको आवश्यकता अनुसार थप गर्न सकिनेछ ।

माथि उल्लेख गरेअनुसार योग्यता पुगेका इच्छुक व्यक्तिले आफ्नो व्यक्तिगत विवरण सहित दरखास्त तल दिइएको ठेगानामा २०७६ माघ २० गते भित्र पठाइदिन हुन आह्वान गर्दछौं ।

**स्थानीय बासिन्दा, महिला तथा अपाङ्गता भएका व्यक्तिहरुलाई विशेष प्राथमिकता दिईनेछ ।**

पदपुर्ति प्रकिया सम्वन्धि सम्पूर्ण अधिकार सी.एम.सी. नेपालमा निहित रहनेछ ।

कार्यकारी निर्देशक, सी.एम.सी.- नेपाल

ईमेल : vacancy.cmcnepal@gmail.com, वेभपेज: www.cmcnepal.org.np